# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मिति:- २०८२।०६।२७

## स्नातकोत्तर तह (MA) चौथो सेमेस्टरको पुरक परीक्षा (Makeup Exam) को परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२२ मा भर्ना भई मिति २०८१ चैत्र २४ गतेबाट सञ्चालन भएको चौथो सेमेष्टरको नियमित सत्रान्त परीक्षामा कुनै एक वा दुईवटा विषयमा मात्र अनुत्तीर्ण भएकाहरु मध्ये जसको प्रथम, दोस्रो र तेस्रो सेमेष्टरका सम्पूर्ण विषय यस अघि नै उत्तीर्ण भईसकेका विद्यार्थीहरु मात्र सम्मिलित हुन पाउने गरी **पुरक परीक्षा** (Makeup Exam) संचालन हुने भएको हुँदा रित पुग्ने विद्यार्थीहरुले मात्र तपशिल बमोजिम आ-आफ्नो क्याम्पस/कलेजहरुमा गई पुरक परीक्षाको फाराम भर्न भराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np गई फाराम Download गरी प्रिन्ट गर्न सकिने छ ।

### तपसिल

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८२ साल कार्तिक १ गतेदेखि कार्तिक २५ गतेसम्म र उक्त समयावधि पछि दाब्वर दस्तुरमा २०८२ कार्तिक मसान्त भित्र ।
- **परीक्षा दस्तुर** : परीक्षार्थीहरुले पुरक परीक्षा वापत रु.२५००।- (अक्षरेपी दुई हजार पाँच सय रुपैया मात्र) सम्बन्धित क्याम्पस कलेजमा बुझाई फाराम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेजले यसरी संकलित परीक्षा फारामहरुका साथ परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नेपाल बैक लिमिटेडमा रहेको **च.हि.खा.नं.०४५००१०००९९०४५००००१** को खातामा जम्मा गरी सो को **सक्कल भौचर** सहित सम्बन्धित क्याम्पस कलेजहरुले मंसिर ५ गतेभित्र अनिवार्य रुपमा पठाईसक्नु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नु पर्नेछ । यसरी भरेको **फारामका साथमा प्रथम, दोस्रो र तेस्रो सेमेष्टर पास भएको ग्रेडसिटहरु र चौथो सेमेष्टरको प्रतिलिपि ग्रेडसिट समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।**
- विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सम्बन्धित क्याम्पस कलेजहरुले नै परीक्षार्थी फाराममा भरि उपर्युक्त बमोजिम रित पुगे नपुगेको सम्बन्धित क्याम्पस/कलेजहरुबाटै रुजु गरी पठाउनु पर्नेछ ।

उपरोक्त बमोजिम रितपूर्वक परीक्षा फाराम भर्ने परीक्षार्थीहरुको पुरक परीक्षा पुषको पहिलो हप्ताबाट शुरु गर्ने गरी परीक्षा कार्य तालिका पछि प्रकाशित गरिने व्यहोरा पनि सूचित गरिन्छ । साथै परीक्षा केन्द्र काठमाडौंमा हुनेछ ।

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**